# आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# रुकुम(पश्चिम)

## मिति २०७५/०४/०२८ गतेदेखि २०७५।०५।०४ गतेसम्म भएको अविरल वर्षाको कारण आएको बाढि पहिरो र भूक्षयबाट आठविसकोट नगरपालिकाभरी भएको क्षतिको यथार्थ विवरण संकलन गरी पेश गर्न गठित छानविन समितिको प्रतिवेदन

२०७५

<u>प्रतिवेदन प्रस्तुत कर्ताहरु</u>

१. नि. प्र. प्र. अ. श्री रामबहादुर के. सी.(आठविसकोट नगरपालिका)– संयोजक

२. सव इन्जिनियर श्री करण खड्का (जिल्ला प्राविधिक कार्यालय)– सदस्य

३. खरिदार श्री देवबहादुर ओली(जिल्ला प्रशासन कार्यालय) – सदस्य

४. आठविसकोट नगरपालिका इलाका प्रहरी प्रमुख श्री मदन शाही - सदस्य

# प्राक्कथन

**यही श्रावण २७ गतेदेखि भाद्र ४ गतेसम्मको अविरल** वर्षाको कारण आएको बाढि, पहिरो र भू-क्षयले रुकुम (पश्चिम) जिल्लाका विभिन्न स्थानमा धनजनको क्षति पुर्याएको सन्दर्भमा प्रकोपबाट सबैभन्दा बढि प्रभावित एवम् संवेदनशिल क्षेत्रको रुपमा आठविसकोट नगरपालिका रहेकोमा त्यहाँ भएको क्षतिको एकिन विवरण छानविन गरी प्रतिवेदन पेश गर्न जिल्ला प्राकृतिक प्रकोप उद्धार समितिको मिति २०७५।०५।१० को बैठकले आठविसकोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी. को संयोजकत्वमा छानविन समिति गठन गरी हामीलाई जिम्मेवारी सुम्पिनु भएकोमा प्रमुख जिल्ला अधिकारी श्री शम्भुप्रसाद रेग्मी ज्यू, जिल्ला समन्वय समिति प्रमुख श्री राजकुमार शर्मा ज्यू लगायत समितिमा रहनु हुने एवम् आमन्त्रित सम्पूर्ण पदाधिकारीहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

प्रतिवेदन तयारीको क्रममा अहोरात्र जिम्मेवारीमा खटिएर घटनाको यथार्थ विवरण तयार गर्न सहयोग गर्नुहुने सुरक्षा निकायका प्रतिनिधि, प्रकोप सम्बन्धि घटनाहरुलाई यथाशिघ्र सार्वजनिक गरी सरोकारवाला निकायहरुलाई तत्काल राहत तथा उद्धारको लागि घचघच्याउने सम्पूर्ण पत्रकार एवम् सञ्चारकर्मी, उद्धार तथा राहत कार्यमा प्रत्यक्ष रुपमा खटिएर धनजनको क्षति हुने अवस्थालाई न्यूनिकरण गर्न महत्वपूर्ण योगदान गर्नुहुने नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । आफू बसेको स्थानको यथार्थ सूचना र जानकारी समयमै उपलब्ध गराई संभावित क्षति न्यूनिकरणमा योगदान गर्नुहुने एवम् यस प्रतिवेदन निर्माण गर्ने कार्यमा आ-आफ्नो स्थानबाट साथ र सहयोग गर्नुहुने सम्पूर्ण आम नगरवासी जनसमुदायको उच्च सम्मान गर्न चाहन्छौं ।

विपद् आफैंमा राम्रो होइन तर विपद्लाई कसैले चाहेर पनि रोक्न सकिदैन, केवल यसको प्रभाव र क्षतिलाई न्यूनिकरण गर्न सकिन्छ । विपद्पछिको समाजलाई पुनर्उत्थानशिल समाजमा रुपान्तरण गर्न सबै पक्षको साथ र सहयोग जरुरी छ । **नगरपालिकाभरीका संभव भएसम्मका विपद् प्रभावित स्थानहरुको स्थलगत अध्ययन भ्रमण गरी एवम् प्राप्त** तथ्यांक र विवरणहरुको विश्लेक्षण गरी प्रतिवेदन तयार पारिएको छ । प्रस्तुत प्रतिवेदन यस सन्दर्भका अतिरिक्त आगामी दिनहरुमा समेत फलदायि हुने अपेक्षा गरेका छौं ।

छानविन समितिका संयोजक(**रामबहादुर के.सी.**) तथा
सम्पूर्ण सदस्यहरु(**करण खड्का, देवबहादुर ओली र मदन शाही**)

# संक्षिप्त शब्दावलीको पूरा रुप

CBDM = Community Based Disaster Management

GIS =Geographic Information System

DMIS =Disaster Management Information System

DRR =Disaster Risk Reduction

DMP =Disaster Management Planning

UNCRD =United Nations Center for Regional Development

UNDSEA =United Nation Department for Social Economic Affairs in Asia-Pacific Region

CDM =Community Disaster Management

NSET =National Society for Earthquake Technology

UNDP =United Nation Development Program

DMC =Disaster Management Committee

PCA =Participatory Communication Approaches

PLA =Participatory Learning & Action

CDO =Chief District Officer

SAR =Search & Rescue

PNY =Patanka New Life

DDRF =District Disaster Relief Fund

DAO =District Administrative Office

NSDRM =National Strategies for Disaster Risk Management

DLSA =District Lead & Support Agency

SBDRM =Scenerio Based Disaster Risk Management

DCP =District Contigency Planning

NDMC =National Disaster Management Committee

RDMC =Regional Disaster Management Committee

DDMC =District Disaster Management Committee

LDMC =Local Disaster Management Committee

NADRM =National Authority for Disaster Management

RADRM =Regional Authority for Disaster Risk Management

DADRM =District Authority for Disaster Risk Management

CDRC =Center Disaster Relief Committee

RDRC =Regional Disaster Relief Committee

DDRC =District Disaster Relief Committee

NEOC =National Emergency Operating Center

EIA =Environmental Impact Assessment

IEE = Initial Environment Examination

TDRM =Total Disaster Risk Management

BBB =Built Better Back

NAPA =National Adaption Plan of Action

LAPA =Local Adaption Plan of Action

CAPA =Climate change Adaption Plan of Action

HFA =Hyogo Framework of Action

DANA =Damage Assessment & Need Assessment

EWS =Emergency Warning System

PCC =Persuasive Communication Continum

DIA =Disaster Impact Assessment

DPR =Disaster Preparedness & Response Planning

RVAT =Risk,Vulnerabilty Assessment Tool

M+E =Monitoring & Evaluation

व.कि.मी. =वर्ग किलोमिटर

गा.पा. =गाउँपालिका

न.पा. = नगरपालिका

गा.वि.स. =गाउँ विकास समिति

नि.प्र.प्र.अ.= निमित्त प्रमुख प्रशासकीय अधिकृत

# सारांश

विगतको विकास प्रक्रियामा जोखिम न्यूनिकरणलाई मूल प्रवाहीकरण गर्न नसक्दा धनजनको ठूलो नोक्सानी मात्र नभई पूर्वाधार संरचनामा समेत ठूलो क्षति पुग्न गएको छ । सरकारले विभिन्न नीति, रणनीति तथा संस्थागत व्यवस्था गरी विपद् जोखिम न्यूनिकरण तथा उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन खोजेको छ । विभिन्न राज्य वाहेकका संयन्त्रहरु पनि विपद् व्यवस्थापनमा सक्रियताका साथ संलग्न भएका छन् । तर Top-Down तथा Command-and-Control मा आधारित नीति तथा कार्यक्रमहरुबाट विपद् जोखिम न्यूनिकरणमा अपेक्षित नजिता हासिल गर्न सकिदैन ।

Disaster = Hazard+Vulnerabilty+insufficient capacity to reduce the potential chances of risk भएकोले Risk & vulnerability Assessment tool अर्न्तगतक Hazard analysis, facilities analysis, societal analysis, economic, environmental, mitigation, opportunities analysis मा जोड दिई विपद् पूर्व, विपद्को वेलामा तथा विपद् पछि कहाँ, कसरी, कस्ले, किन, के काम गर्ने भन्ने स्पष्ट खाका तथा कार्यक्रम **तीन वटै तहका** सरकारसँग हुनु पर्नेमा तत्काल त्यस्तो प्रभावकारी विपद्को एकीकृत तथा समन्वयात्मक व्यवस्थापन खाका देखिदैन । विपद् पश्चातको केही घण्टामा जति समुदायले हजारौंको जीवन बचाउन तथा उद्धार गर्न सक्दछ त्यति धेरै घण्टा वा दिनमा बाहिरबाट आउने सहयोगले जीवन बचाउन तथा उद्धार गर्न सक्दैन । समुदाय वा स्थानीय स्तरमा रहेका समूह वा संगठन त्यस्ता कर्ता हुन जसले प्रभावित जनसंख्यालाई आपत्कालीन तयारी तथा उद्धारमा सहयोग गर्न सक्दछन् । **आठविसकोट नगरपालिकामा धनसम्पति जग्गा जमिन अन्नपातको क्षति भएता पनि कुनै मानवीय क्षति हुन पाएन यसको मूल कारण स्थानीय जनप्रतिनिधि, कर्मचारी, समुदाय र सुरक्षा निकायको तत्कालको खटनपटन र क्रियाशिलता एवम् इमान्दारिता नै हो ।**

जबसम्म विपद् सम्वद्ध विद्यमान संस्था, कानून, नीतिगत संरचना, सोच र व्यवहारमा परिवर्तन हुदैन, सामुदायिक क्षमता विकास, सहभागीता, सचेतना अभिवृद्धि, प्रभावकारी सञ्चार जस्ता कुराहरु ओझेलमा पर्छन् तब सम्म विपद्ले समुदायका संकटासन्न समुहहरुलाई आक्रमण गरिरहन्छ, विपद् गरिबको लागि

दशा बनिरहन्छ । राष्ट्रिय स्तरका योजनाहरु नभए पनि स्थानीय तहमा रहेका प्रभावकारी योजनाले जनता तथा तिनका सम्पत्तीको सुरक्षा तथा संरक्षण गर्न सक्छ । राष्ट्रिय स्तरको योजनाहरु आवश्यक छन् । तर स्थानीय तहमा रहेका संगठन तथा समुदायको सहयोग र सहभागिताविना जनताले त्यसबाट लाभ प्राप्त गर्न सक्दैनन् वा थोरै मात्र लाभ प्राप्त गर्दछन् । "राम्रोसँग संगठीत समुदायले वाह्य सहायताको गुणस्तर सुधार्न तथा कमजोरी हटाउन सहयोग गर्न सक्दछ । धेरै प्रभावकारी रोकथामका रणनीतिहरुले अरबौं डलर बचत मात्र गर्दैनन्, दशौं हजारौं जीवनहरु बचाउन सक्दछन् । जब रोकथामका लागि आज मूल्य तिरिन्छ, त्यसको लाभ टाढा भविष्यमा रहेको हुन्छ । ती लाभहरु अदृश्य हुन्छन्, ती लाभ भनेका त्यस्ता विपद्हरु हुन जो कहिल्यै घट्दैनन" । (Koffi Annan)

यही श्रावण १७ गतेदेखिको अविरल वर्षाको कारण देशैभरीको दैनिक जनजीवन प्रभावित भईरहेको सन्दर्भमा रुकुम(पश्चिम) जिल्लाको आठविसकोट नगरपालिका बढि प्रभावित एवम् संवेदनशिल क्षेत्रमा रहेको छ । अविरल वर्षापछिको बाढि, पहिरो र भू-क्षयबाट हालसम्म नगरपालिकाभरीमा प्रभावित घरपरिवार २२५ रहेकोमा ३१ घरपरिवारको घर नै नष्ट भएको वा घर नष्ट नभएको भएता पनि बसिरहेको स्थानबाट अन्यत्र विस्थापित हुने अवस्थाका रहेका तर अन्यत्र कतैपनि घर नभएका, १७ घरपरिवार घर जोखिममा परी उक्त स्थानमा बस्न नमिल्ने तर अन्यत्र घर भएको अवस्थाका र बाँकी १८० घरपरिवार घर वाहेकका अन्य संरचना, जग्गाजमिन, अन्नपात नष्ट भएको अवस्थाका पीडित रहेका छन् ।

प्रकोपको कारण कृषियोग्य भूमि वगरमा परिणत भएको, सयौं रोपनीमा लगाईएको धानवाली तथा मकैवाली नष्ट भएको, केही स्थानहरुमा अझै पनि जोखिमको अवस्था रहिरहेको सन्दर्भमा संभावित खाद्यान्न अभावलाई पूर्ति गर्न कम्तिमा ५००० क्विन्टल खाद्यान्न मौजाद राख्नुपर्ने अनुमान छ । वडा नं. ११ स्थित मंगरा वस्ति लगायत अन्य धुर्सेनी, चौर लगायतका विस्थापित घरपरिवारलाई नयाँ स्थानमा बसोवासको प्रवन्ध गर्न कम्तिमा २ करोड बराबरको पुनर्निर्माण तथा पुनर्स्थापनाको


कार्यक्रम ल्याउनुपर्ने अनुमान छ । यसका अतिरिक्त जोखिमपूर्ण स्थानका अन्य वस्तीहरुलाई समेत एकीकृत वस्ति विकासको अवधारणा अनुसार सुरक्षित ठाउँमा स्थानान्तरण गर्न नगरपालिका, प्रदेश सरकार एवम् संघीय सरकारले विशेष पुर्वास योजना ल्याउनु पर्ने देखिन्छ ।

सुवाखोला, कैनखोल, कालेरह खोला, गिजागाडखोला, खारखारा, ठूलीभेरी नदी, कालोखोला, घारीखोला लगायतका खोला तथा नदी नियन्त्रण गरी संभावित जलउत्पन्न प्रकोप नियन्त्रण गर्न एवम् अवरुद्ध स्थानीय सडकहरु सुचारु गर्न संभावित जोखिमपूर्ण स्थानहरुमा तटवन्धनको आवश्यकता छ । तटवन्धनको लागि कम्तिमा १० हजार थान तारजाली(जिल्ला प्राविधिक कार्यालयले तयार पारेको विवरण समेतको आधारमा) र थप बजेट व्यवस्थापन हुनुपर्ने अनुमान छ । एकीकृत वस्ति विकास एवम् तटवन्धन लगायतका कार्यहरुको लागि नगरपालिकाले विशेष अनुदान माग गर्नुपर्ने देखिन्छ ।


प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन), २०७४ अनुसार विपदबाट घर, बहालको आवाश नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सान भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु १० हजारसम्म प्रति परिवार राहत उपलब्ध गराउने र घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण रुपमा नष्ट नभएता पनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका ३१ घरपरिवारलाई प्रति परिवार रु ५० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउने एवम् थप सहायताको लागि केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा सिफारिस सहित अनुरोध गर्नुपर्ने देखिन्छ ।
वन कार्यालय एवम् सामुदायिक वन उपभोक्ता समितिहरुसँगको समन्वयमा प्रकोप पीडितहरुलाई घर तथा आवाश निर्माणको लागि सहुलियत दरमा काठ उपलब्ध हुने व्यवस्था गर्ने तर काठ उपलब्ध गराउने नाममा वन फडानी हुन नदिने तर्फ सचेत हुनुपर्दछ । प्रकोप पीडितलाई सहयोग गर्न इच्छुक एवम् सक्षम व्यक्ति, संस्था, एवम् निकायहरुलाई तत्काल आर्थिक, प्राविधिक एवम् वस्तुगत सहयोगको लागि अपिल गर्ने र प्राप्त सहयोग रकम नगर कार्यपालिकाको निर्णयानुसार पारदर्शी एवम् उत्तरदायिपूर्ण ढङ्गले पीडित घर परिवारलाई राहत उपलब्ध गराउन एवम् पुनर्निर्माण र पुनर्स्थापनाको लागि खर्च गर्ने व्यवस्था मिलाउन आवश्यक छ ।

# विषयसूची

संक्षिप्त शब्दावलीको पूरा रुप ........ II
सारांश ........ IV
विषयसूची ........ A
१. पृष्ठभुमी ........ 1
१.१ नगरपालिकाको परिचय ........ 1
१.२ प्राकृतिक प्रकोप र यसले पार्ने प्रभाव ........ 3
१.३ आठविसकोट नगरपालिकामा प्राकृतिक प्रकोप र यसले पारेको प्रभाव 6
२. उदेश्य ........ 8
३. अध्ययन विधि ........ 8
४. प्राप्ती ........ 8
५. निष्कर्ष ........ 12
६. सुझावहरु ........ 14
अनुसूचीहरु ........ 18
अनुसूची १ ........ 18
प्रकोपबाट पिडीत घरपरिवारहरुको विस्तृत विवरण ........ 18
अनुसूची २ तस्विरहरु ........ 25




आठविसकोट नगरपालिका




आठविसकोट नगरपालिका

# १. पृष्ठभुमी

## १.१ नगरपालिकाको परिचय

आठबिसकोट नगरपालिका नेपालका पुरानो प्रशासनिक विभाजन अनुसार साविक मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत रुकुम जिल्लामा र हाल कर्णाली प्रदेश अन्तर्गत रुकुम(पश्चिम) जिल्लामा पर्दछ । भौगोलिक हिसाबले यो नगरपलिका जिल्लाको पश्चिमी भागमा ८२°२३'२६.६"(८२.३९०७१००°) पुर्वी देशान्तर र २८°४७'१२.८" (२८.७८६९०००°) उत्तरी अक्षांशसम्म फैलिएर अवस्थित रहेको छ ।

आठबिसकोट नगरपालिका नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्नसंचना हुनु पूर्वका १४ वटा वडा बिभाजन सहित गठन भएको नगरपालिका हो । करीब ५६०.३४ व.कि.मी. क्षेत्रफल रहेको यस आठबिसकोट नगरपालिकाको उत्तरमा डोल्पा जिल्ला, पश्चिमतिर जाजरकोट जिल्ला, दक्षिणमा बाँफिकोट गाउँपालिका र सानोभेरी गा.पा. एवं पूर्वमा सिस्ने गाउँपालिका रही संरचित छ । नेपाल सरकारको २०७३।११।२७ को निर्णयानुसार साविकका गाविसहरु गोतामकोट, स्यालाखदी, आठबिसकोट, आठबिसडाँडागाउँ, घेत्मा र मग्मा(७, ८) समेटेर आठबिसकोट नगरपालिका घोषणा गरिएका थियो । यस आठबिसकोट नगरपालिकाका बासिन्दाको मूल आय श्रोत कृषि हो र रोजगारीको मूल श्रोतमा पहिलो कृषि, दोश्रोमा रेमिटेन्स, तेश्रोमा व्यापार व्यवसाय, चौथोमा ज्याला मजदुरी र पाँचौंमा नोकरी तथा छैठौंमा स्थानिय सीपमा आधारित पेशा व्यवसाय हो । राष्ट्रिय जनगणना २०६८ अनुसार साविकका सबै गा.बि.स मिलाएर ६४२२ घरधुरी रहेको यो नगरपालिकाको जनसंख्या ३३६२४ हुन पुगेको छ । जसमा महिलाको १६९७९ जनसंख्या र पुरुषको जनसंख्या १६६४५ पुगेको छ ।

यस नगरपालिकाका प्रायः सवै वडा (१,२,३ बाहेक) मा संचार र कच्चि मोटरबाटो (१,२,३ बाहेक) पुगीसकेको छ । कच्चि बाटो भए पनि बर्खायामको पहिरोको रोकावट बाहेकका समयमा दैनिक बस सेवा सञ्चालनमा रहेका छन् । प्रतिशतको हिसावले हेर्दा नगरपालिका भरिमा ८० प्रतिशतको घरले सहज रुपमा प्रयोग गर्ने गरेर बाटो सुविधा पुगेको छ । साथै यी बस्तीहरुमा विजुलीको सुविधा ४० प्रतिशत पुगिसकेको छ । यातायातका साधनहरु पनि सञ्चालन भएका र बजार केन्द्रसम्मको सुविधामा २ घण्टा भन्दा कम पैदल यात्रा तथा ४०–४५ मिनेट जति कच्चि गाडिबाटोको यात्राले नै उद्यमीको उत्पादनलाई आन्तरिक तथा बाह्य बजार संजालमा आबद्ध गर्न सहज हुदै गएको छ ।


सिमाना :

पूर्व - सिस्ने गाउँपालिका

पश्चिम - जाजरकोट जिल्ला

उत्तर - डोल्पा जिल्ला

दक्षिण - बाँफिकोट र सानी भेरी गाउँपालिका




- वडा संख्या : १४

राष्ट्रिय जनगणना २०६८ अनुसार साविकका सबै गा.बि.स मिलाएर ६४२२ घरधुरी रहेको यो नगरपालिकाको जनसंख्या ३३६२४ हुन पुगेको छ । जसमा महिलाको १६९७९ जनसंख्या र पुरुषको जनसंख्या १६६४५ पुगेको छ ।

टेवल १ : नगरपालिकाको वडागतरुपमा जनसंख्या विवरण

| वडा नं. | पुरुष | महिला | जम्मा | घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | ५२५ | ५५५ | १०८० | १८९ |
| २ | ७४७ | ८०० | १५४७ | २८० |
| ३ | १०१२ | १०५६ | २०६८ | ३८३ |
| ४ | १११३ | १०९५ | २२०८ | ४३२ |
| ५ | १४५९ | १४२२ | २८८१ | ५४६ |
| ६ | १००९ | ९४२ | १९५१ | ३८३ |
| ७ | ७८२ | ७९५ | १५७७ | ३०७ |
| ८ | ९५३ | ९१९ | १८७२ | ३६७ |
| ९ | १६६४ | १६९७ | ३३६१ | ६६२ |
| १० | १४०१ | १४५० | २८५१ | ५७१ |

| | | | | |
|---|---|---|---|---|
| ११ | २१३३ | २२१० | ४३४३ | ८६४ |
| १२ | १४९९ | १५९७ | ३०९६ | ५७६ |
| १३ | ९२३ | ९२२ | १८४५ | ३२५ |
| १४ | १४२५ | १५१९ | २९४४ | ५३७ |
| जम्मा | १६६४५ | १६९७९ | ३३६२४ | ६४२२ |

श्रोतः राष्ट्रिय जनगणना २०६८

## १.२ प्राकृतिक प्रकोप र यसले पार्ने प्रभाव

भौगोलिक विषमता, भौगर्भिक वनावट, जलवायु परिवर्तन, अव्यवस्थित आवास र सामाजिक तथा साँस्कृतिक मूल्य मान्यताजस्ता विभिन्न कारणले नेपालमा प्राकृतिक तथा गैर प्राकृतिक जोखिमहरु विद्यमान रहेका छन् । नेपाल विपद्को उच्च जोखिममा रहेकोले वर्षेनी मानवीय तथा भौतिक धनजनको ठूलो क्षति हुने गरेको छ । नेपाल भूकम्प, अतिवृष्टि, बाढी पहिरो, हावाहुरी, चट्याङ, आगलागि, खडेरी, महामारी, शीतलहर, हिमताल विष्फोटन जस्ता प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुको दृष्टिले ज्यादै संवेदनशिल मुलुक हो । वि.स. २०७२ बैशाख १० मा आएको विनाशकारी भूकम्प होस् या सोभन्दा अघि या पछि घटित विभिन्न प्रकृतिका प्राकृतिक प्रकोप तथा त्यसबाट भएको जीउज्यान, सम्पत्ती र वातावरणीय विनाशको क्षतिको लेखाजोखा तथा मूल्यांकन गम्भीर रुपमा विभिन्न तहमा सोचनीय विषय बनेको छ । प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण गर्न, राहत तथा उद्धार कार्यलाई व्यवस्थित गर्न, विकासलाई वातावरणअनुकूल दिगो रुपमा सञ्चालन गर्न सरकारी, गैरसरकारी तथा अन्य विभिन्न तहहरुमा प्रयासहरु, नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गर्ने कार्यले निरन्तरता पाएको भएता पनि प्राकृतिक प्रकोपको समयमा जिम्मेवार निकायहरुको प्राकृतिक प्रकोप तयारी योजनाको अवस्था, राज्यको सबै तहमा विद्यमान क्षमता तथा स्रोत साधनमा प्रश्न उठ्ने गरेको छ ।

विपद् प्राकृतिक प्रकोपजन्य घटना हो । अनुमानित र नियमित प्रक्रियाभन्दा भिन्न तरिकाले अनियमित तथा असहज अवस्थाको सिर्जना भई सामान्य जनजीवन छिन्नभिन्न हुने अवस्था नै विपद् हो । Disaster Frenchword 'Disastre'बाट उत्पत्ति भएको हो, जसको अर्थ, 'Bad or evil Star' हुन्छ । सबै प्राकृतिक/मानव सिर्जित घटनाहरु विपद् होईनन् । त्यस्ता घटनाहरु(बाढि, पहिरो, भूकम्प, आगलागि,

शितलहर,......) जसले जीवन, सम्पत्ती र वातावरणलाई नष्ट गर्दछन् वा क्षति गर्दछन्, समुदाय स्वयम्ले आफैले सामना गर्ने क्षमता गुमाउँदछन्, त्यस्तो अवस्था नै विपद् हो ।

संकट प्राकृतिक वा मानवीय क्रियाकलापद्धारा सृजित घटना हो र जब यस्ता घटनाहरुले मानिसका ज्यान जाने वा धनजनको नाश गर्दछ, त्यसलाई विपद् भनिन्छ ।

[1]It is the result obtained from the combination of hazard,vulnerability & insufficient capacity or measure to reduce the potential chances of risk .

i.e. Disaster=Hazard+vulnerability+insufficient capacity to reduce the potential chances of risk.

A serious disruption of the function of society or community causing widespread human, materials, economic and environmental losses that exceed the ability of that society or community to cope its using own resources(UNDP).


विपद् जोखिम व्यवस्थापन त्यस्तो व्यवस्थित कार्य हो जसमा pre-disaster, during disaster र post disaster मा कुन काम, कसरी, किन, कहाँ, कस्ले गर्ने भन्ने योजना समेटिएको हुन्छ । Disaster risk management includes all measures which reduces disaster related losses of life, property or assets by either reducing the hazard or vulnerability of the elements at risk .

विपद् सम्भावित् क्षेत्रहरु तथा विपद्बाट जोखिममा रहेका समुदायहरुको पहिचान, कुनै क्षेत्रमा रहेका विपद् सम्वद्ध सूचनाको संकलन र विश्लेषण तथा विपद् जोखिम न्यूनिकरणको लागि अवलम्वन गर्नु पर्ने योजनाहरु समेटिएको व्यवस्थित कार्य विपद् व्यवस्थापन हो । विपद् अनिश्चित हुन्छ । त्यसबाट हुने क्षति पनि अनिश्चित नै हुन्छ । यसकारण विपद् व्यवस्थापन एक व्यवस्थित चक्रमा सञ्चालन गर्नु पर्दछ, जसको सफल कार्यान्वयनबाट क्षतिको न्यूनिकरण, प्रकोप रोकथाम, राहत तथा उद्धार कार्यमा शिघ्रता, पुर्ननिर्माण तथा पुनःस्थापनामा गतिशिलता, विकासमा तिव्रता तथा क्षमता विकासमा टेवा पुग्दछ ।

व्यवस्थित विपद् व्यवस्थापन चक्र (DMC) को निर्माण र कार्यान्वयन नै प्रभावकारी विपद् व्यवस्थापन गर्नु हो । विपद् व्यवस्थापनमा मुख्यतया Risk management(Prevention, mitigation, Preparedness) र Crisis management(Response, Reconstruction, Rehabilitations) मा बढि जोड दिईएको हुन्छ ।

---

[1]Disaster management cycle-A Theoritical Approach
www.mnmk.ro/documents/.../2008.6.pdf




[2]**Figure 1. DMC**

प्रकोपबाट सबैभन्दा प्रभावित गरिब र निमुखा जनताहरु नै हुने हुनाले उनीहरुको जीवनस्तर उकास्दै आईपरेमा प्रकोप सहन सक्ने क्षमताको अभिवृद्धि गर्न समुदायमा आधारित विपद व्यवस्थापनको अवधारणा अगाडी आएको हो । पहिचान गरिएका प्रकोपहरु भौगोलिक अवस्था र समुदायको प्रतिरोध क्षमताअनुसार एउटै स्तरको प्रकोपका प्रभावहरु पनि फरक-फरक हुने गरेका छन् । 'Top-Down', 'Command-And-Control' को दृष्टिकोणले कार्यान्वयन गरिएका विपद व्यवस्थापन योजना(DMP)ले वास्तविक रुपमा प्रभावित समुदायहरुलाई निर्णय निर्माण तथा कार्यान्वयनमा उपेक्षा गर्दछ जसको कारण अपेक्षित नतिजाहरु हासिल हुन सकेका छैनन् ।

[3]UNCRD ले भारत र पाकिस्तानमा Cyclones, इन्डोनेसिया र नेपालमा भूकम्प तथा बङ्गलादेश र कम्बोडियामा बाढी जस्ता प्रकोपको व्यवस्थापनको लागि ल्याएका "Sustainability in Community Based Disaster Management-2002" नामक Project, भारतको गुजरातमा आएको भूकम्प पश्चात ल्याईएको [4]PNY plan-2001, UNCRD ले UNDSEA मार्फत Asian Pacific region मा सञ्चालनमा

[2]source:- Disaster management cycle-A Theoritical Approach www.mnmk.ro/documents/.../2008.6.pdf
[3]WWW.pacific disaster.net
[4]Patanka New life(PNF) Plan-2001

ल्याईरहेको CBDM program, नेपाल रेडक्रस सोसाइटी, [5]NSET ले सार्वजनिक सचेतना, CDM groups को निर्माण, क्षमता विकास, DRM लाई स्थानीय शासनको विभिन्न तहहरुमा संस्थागत गर्ने कार्यहरुको सफलतालाई हेर्दा नेपालको सन्दर्भमा पनि CBDM Planning को आवश्यकता महसुस भएको छ ।

## १.३ आठविसकोट नगरपालिकामा प्राकृतिक प्रकोप र यसले पारेको प्रभाव

आठविसकोट नगरपालिका भौगोलिक रुपमा नै विकट र संवेदनशिल क्षेत्र हो । रुकुम (पश्चिम) जिल्लाका ६ वटै स्थानीय तहहरुमध्ये यो नगरपालिका प्राकृतिक प्रकोपका घटनाहरुको दृष्टिकोणले आफैंमा जोखिमपूर्ण अवस्थामा छ । भिरालो जमिन ठूलोभेरी नदी, गिजागाडखोला, खारखारा लगायतका नदी तथा खोलाहरुले कटान गर्दा वर्षेनी नदी किनाराका वस्तिहरु र संयौ रोपनी खेतीयोग्य भूमीहरु जोखिममा पर्ने एवम् वगरमा परिणत हुने अवस्था छ ।

पछिल्लो समय IEE र EIA विना नै नयाँ सडकहरु खन्ने एवम् विस्तार गर्ने कार्यले प्राकृतिक प्रकोप बढ्नुमा उत्प्रेरकको रुपमा काम गरिरहेको छ । दिगो विकासको अवधारणा अनुसार मानवीय क्रियाकलाप वातावरण अनुकूल सञ्चालन हुनुपर्नेमा सो हुन नसकी मानिसले नै आफू अनुकूल प्राकृतिक स्रोत साधनहरुको दोहन गर्ने प्रवृत्ति हावी भएको छ । यही श्रावण २८ गतेदेखि भाद्र ४ गतेसम्म भएको अविरल वर्षाको कारण आएको बाढि, पहिरो र भूक्षयले आठविसकोट नगरपालिकाभरी ३१  भन्दा बढि घरपरिवारका घरहरु नष्ट भई पूर्ण रुपमा विस्थापित भएका छन् । १७ भन्दा बढि घरपरिवारका घरहरु जोखिमपूर्ण अवस्था रहेकोले सो स्थानमा तत्काल बस्न नसकिने अवस्था सिर्जना भएको छ । १८० भन्दा बढि घरपरिवारको खेतीयोग्य जमिन वगरमा परिणत भएको, उर्वर भूमि नष्ट भएको, सोमा लगाईएको मकै तथा धान खेती नष्ट भएको अवस्था छ ।

इलाका प्रहरी कार्यालय आठविसकोट नगरपालिका रुकुम (पश्चिम)ले तयार पारेको प्रहरी मुचुल्का, आठविकोट नगरपालिका स्वयमले गरेको स्थलगत अध्ययन अवलोकन, सुरक्षा निकाय र सम्बन्धित वडा कार्यालयसँगको परामर्श समेतको आधारमा तयार पारेको क्षतिको विवरण, आठविसकोट नगरपालिकाको विपद व्यवस्थापन समितिले गरेको निर्णय समेतको आधारमा हालसम्म कुनै पनि प्रकारको मानवीय क्षति नभएता पनि घर तथा अन्य संरचना, जमिन, पशुचौपाय लगायत गरी करिव ६ करोड ५० लाख(प्रहरी मुचुल्का अनुसार)भन्दा बढि  धनसम्पत्ती नष्ट भएको अवस्था छ । संयौ स्थानमा नदी तथा खोलाले कटान गरेको छ, जसको व्यवस्थापन, संरक्षण र नियन्त्रणको लागि थप पुनर्स्थापना र पुनर्निर्माणको कार्यक्रम ल्याउनु जरुरी छ । **मुख्यतया क्रमश: वडा नं. ११ स्थित सुवाखोला, कनैखोला, कालेरहखोला, वडा नं. ९ स्थित गीजागाडखोला, वडा नं. ७ र ८ स्थित**

[5] WWW.nset.org.np

**खारखाराखोला, वडा नं. १३ स्थित घेत्माखोला, वडा नं. १० स्थित कालोखोला, घारीखोला, वडा नं. ६, ७, ९, ११, १३, १४ स्थित ठूलीभेरी नदी एवम् अन्य स-साना खोलाहरुको नियन्त्रणको लागि तारजाली एवम् थप नदी तथा खोला** नियन्त्रणका योजनाहरु ल्याउनु पर्ने देखिन्छ ।

**वडा नं. ११ स्थित मंगरा बस्ति** पूर्ण रुपमा विस्थापित भएको छ । वरीपरीबाट सुवाखोला, कनैखोला, कालेरह्खोलाले कटान गरिरहेको सन्दर्भमा त्यस स्थानमा बसोबास गर्ने करिव १४ घरपरिवारभन्दा बढिलाई अन्यत्र स्थानान्तरण गरी नयाँ बस्ति व्यवस्थापन गर्नु पर्ने देखिन्छ । मंगरामा आएको पहिरोको कारण त्यसमूनीको चौर तथा धुर्सेनी वस्ति समेत जोखिमपूर्ण अवस्थामा छ । सुवाखोला, कैनखोला, कालेरह्खोलामा आएको पहिरो र बाढिको कारण त्यस आसपासका वस्तीहरु विस्थापित हुने अवस्था सिर्जना भएको छ । वडा नं १२ को स्यानीवार्खुको तातोपानी भन्ने स्थानको वस्ति पनि वस्ति माथिबाट आएको पहिरोको कारण विस्थापन गर्नुपर्ने अवस्थामा छ । वडा नं. ९ स्थित गिजागाड खोलामा आएको बाढिले राडीबजार र सिमबजार एवम् खोला आसपासका बस्ति एवम् खेतीयोग्य भूमी कटान गरेको सन्दर्भमा खोला नियन्त्रणको लागि तटवन्धनको लागि तत्काल पहल गर्नु जरुरी देखिन्छ । नगरपालिकाको कार्यालय समेत जोखिममा रहेको अवस्थामा दिर्घकालिन रुपमा समेत हुने क्षति र प्रभावलाई मूल्यांकन गरी खोला नियन्त्रण गर्नु पर्ने हुन्छ । वडा नं. ७ र ८ स्थित खारखारा खोलाले समेत संयौ रोपनी खेतीयोग्य जमिन, त्यसमा लगाईएको खेती, काठेपूलहरु वगाएको छ भने ४४ किलोवाटको खारखारा लघु जलविद्युतको पावर हाउससमेत उच्च जोखिममा रहेको छ ।

ठूलीभेरी नदीको कारण वडा नं. ६ स्थित त्रिवेणी बजार, तल्लो वगर, मन्कावगर उच्च जोखिममा रहेका छन् भने छिन्चु-जाजरकोट-डोल्पा सडकको उक्त स्थानमा पर्ने खण्ड सुचारु गर्न कठिनाई भएको छ । जिल्ला प्राकृतिक प्रकोप उद्धार समितिको मिति २०७५।०५।१० गतेको बैठकले प्राकृतिक प्रकोपको कारण आठविसकोट नगरपालिकामा भएको क्षतिको यथार्थ विवरण सहितको प्रतिवेदन पेश गर्न आठविसकोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन गरेको ४ सदस्यीय छानविन समितिले आठविसकोट नगरपालिकाका प्रकोप प्रभावित स्थलहरुको स्थलगत अध्ययन अवलोकन गरी एवम् प्रहरी मुचुल्का, वडाका सिफारिसहरु, नगरपालिकाले पेश गरेको क्षतिको विवरण, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुकुम (पश्चिम)ले पेश गरेको विवरण र अन्य प्रासांगिक विवरण समेतको आधारमा यो प्रतिवेदन तयार गरेको छ ।

## २. उदेश्य

- आठविसकोट नगरपालिकाभरी अविरल वर्षाको कारण आएको बाढि पहिरो र भू-क्षयले पुर्याएको क्षतिको यथार्थ र वस्तुपरक विवरण संकलन गरी सोको छानविनको आधारमा एकीकृत विवरण तयार गर्नु,
- संकलित विवरणहरुको विश्वसनियता र सान्दर्भिकता पहिचान गर्नु,
- संकलित विवरणहरुको आधारमा जिल्ला प्रशासन कार्यलय, रेडक्रस एवम् सम्बन्धित सरोकारवाला निकायबाट प्रदान हुने राहत वितरणको कार्यलाई सरलिकृत र यथार्थपरक तुल्याउनु एवम् पुनर्स्थापना र पुनर्निर्माणको लागि आवश्यक यथार्थतामा आधारित आधारभूत विवरण तयार गर्नु,
- प्रकोपका संभावित कारणहरुको पहिचान गरी सम्बन्धित निकायलाई समाधानका उपायहरु सुझाउनु ।

## ३. अध्ययन विधि

- प्रहरी मुचुल्का, वडा कार्यालयबाट प्राप्त सिफारिस, नगरपालिकाले पेश गरेको पिडीतहरुको विवरणको अध्ययन,
- स्थलगत अध्ययन भ्रमणबाट प्राप्त तथ्यहरु,
- रेडक्रस, जिल्ला प्रशासन कार्यालय, एवम् नगरपालिकाले वितरण गरेको राहत विवरण, सामाजिक सञ्जाल मार्फत प्रकाशित सूचना, तस्विर, भिडियोहरुको अध्ययन एवम् त्यसबाट निकालिएको निश्कर्ष,

## ४. प्राप्ती

यही श्रावण २७ गतेदेखि भाद्र ४ गतेसम्मको अविरल वर्षाको कारण आएको बाढि पहिरो र भू-क्षयले नगरपालिकाभरी नै दैनिक जनजीवनलाई प्रभावित पारेको थियो । खासमा मनसुनी वर्षाको कारण देशैभरीको दैनिक जनजीवन जलउत्पन्न प्रकोपको कारण प्रभावित भईरहेको छ । तराई क्षेत्रमा डुवान र पहाडि तथा हिमाली क्षेत्रमा बाढि, पहिरो भू-क्षयजस्ता प्राकृतिक प्रकोपले सताउने गर्दछ । आठविसकोट नगरपालिकाका विभिन्न स्थानमा आएको बाढि, पहिरो र भू-क्षयको कारण कुनै मानवीय क्षति हुन नपाएको अवस्था छ । यसका अतिरिक्त जोखिममा

रहेका घरपरिवारहरुलाई तत्काल सुरक्षित ठाउँमा लैजान एवम् संभावति क्षतिलाई न्यून गर्न नगरपालिका, सम्बन्धित वडा कार्यालय, सुरक्षा निकाय एवम् स्थानीय समुदायको उल्लेखनिय भूमिका रहेको पाईयो । नगरपालिका भवन र त्यस आसपासका घरहरु खारखारा लघु जलविद्युतको पावर हाउस चौर एवम् धुर्सेनी बस्तिमा संभावित विपदको पूर्वानुमान गर्दै नगरपालिका वडा सुरक्षा निकाय एवम् सम्बन्धित जनसमुदायले अवलम्बन गरेको सजगता एवम् क्रियाशिलता सह्रानिय छ ।

रुकुम (पश्चिम) जिल्लास्थित आठविसकोट नगरपालिकाका देहायका स्थानहरुमा मुख्यतया बाढि र पहिरोले दैनिक जनजीवन छिन्नभिन्न हुने अवस्था सिर्जना भएको छ ।

**(क)** **<u>वडा नं ११</u>**

वडा नं. ११ स्थित मंगरा वस्ति, चौर तथा धुर्सेनी बस्ती बाढि, पहिरो र भू–क्षयबाट सबैभन्दा बढि प्रभावित स्थलहरु हुन् । खासमा वडा नं. ११ मा झण्डै ९३ घरपरिवार यसबाट प्रभावित भएको पाइयो । ९३ घरपरिवारमध्ये १७ घरपरिवारको अन्नवाली सहित घरसमेत नष्ट भएको वा घर नष्ट नभएको भएता पनि त्यस स्थानमा बस्न नसक्ने अन्यत्र घर नभएको र बाँकी ७६ घरपरिवारको घर वाहेक अन्य संरचना(जग्गा, खेत, घट्ट) नष्ट भई घर समेत जोखिमपूर्ण अवस्थामा रहेको, जग्गा पुरिएको, अन्नवाली नष्ट भएको, जमिन चिराचिरा परेको अवस्थामा छ । नयाँ खनिएका सडकहरुमा भल तथा पानीको निकास नहुनु, वातावरणीय प्रभाव मूल्यांकनविना नै ठूला डोजरहरुको प्रयोग गरी सडक खनिनु, नांगा रुख विहिन डाडाँकाडाँ र कमजोर भू–धरातलको कारण यस्तो अवस्था सिर्जना भएको देखिन्छ ।

यस वस्तीमा अवस्थित सुवाखोला, कनैखोला, कालेरहखोलामा तटवन्धन, वृक्षारोपन लगायतकाका खोला नियन्त्रण र पानीको सहज निकास हुने व्यवस्था गर्नुपर्ने, विस्थापित घरपरिवारलाई पुनःस्थापना गर्नुपर्ने, नयाँ घरहरुको निर्माण गर्नुपर्ने अवस्था छ ।

**(ख)** **<u>वडा नं. १२</u>**

वडा नं. १२ स्थित स्यानीवार्खु तातोपानी भन्ने स्थानमा पहिरोले वस्ति विस्थापित हुने अवस्थामा पुगेको छ । वडा नं. १२ का विभिन्न स्थानमा गरी १ घरपरिवार घर भत्किइ

विस्थापित भएका छन् भने बाँकी २२ घरपरिवार जग्गा जमिन पुरिएर लगाईएको खेतीपाती समेत नष्ट भएका एवम् घर जोखिमपूर्ण अवस्था रहेका छन् । खासगरी वडा नं. १२ मा खोलामा आएको बाढिका अतिरिक्त भिरालो जमिन र त्यसैमा आएको पहिरोको कारण बढि क्षति भएको अवस्था छ ।

**(ग) <u>वडा नं. ९</u>**

गिजागाडखोलाको कारण त्यस आसपासका वस्तीहरु र खेतीयोग्य जमिनहरु तहसनहस भएका छन् । सिमबजार, राडीबजार र नगरपालिका कार्यालय समेत उच्च जोखिममा रहेका छन् । वडा नं. ९ मा ३ घरपरिवार घर नष्ट भई पूर्ण विस्थापित, १ घरपरिवार अन्यत्र घर भएका तर बसीरहेको स्थानको घर जोखिममा रहि बस्न नमिल्ने अवस्थाका पुगेका र बाँकी १८ घरपरिवारका घर वाहेकका अन्य सम्पत्ती नष्ट भएको अवस्थामा छन् ।

गिजागाडखोलामा तटवन्धनको लागि विशेष योजना आवश्यक देखिन्छ । नगरपालिकाकै महत्वपूर्ण व्यापारिक क्षेत्रहरु एवम् नगरपालिका कार्यालय समेत जोखिममा रहेको सन्दर्भमा यस विषयलाई संवेदनशिल ढंगले लिनु जरुरी छ । समयमै खोला नियन्त्रणको लागि तटवन्धन वृक्षारोपण खोला अतिक्रमन नियन्त्रण गर्न नसकिएमा कालान्तरमा यस खोला र भौगोलिक वनावट समेतको कारणले यसको असर भयावह हुन सक्दछ । चारैतिर वातावरणीय प्रभाव मूल्यांकन नगरी खनिएका स्थानीय सडकहरु एवम् कमजोर भू-धरातल, पर्याप्त मात्रामा वन क्षेत्र नभएको इत्यादी कारणले खोलामा बाढि आई क्षति पुग्ने गरेको देखिन्छ ।

**(घ) <u>वडा नं. १३</u>**

नयाँ खनिएको भल्माघेत्मा सडकले निकै क्षति पुर्याएको अवस्था यहाँ देखिन्छ । यस वडामा ६ घरपरिवार घर नष्ट भई अन्यत्र घर समेत नभएकोले पूर्ण विस्थापित हुने अवस्थामा छन् । १४ घरपरिवार घर अन्यत्र

पनि भएका तर बसीरहेको स्थानमा तत्काल बस्न नमिल्ने अवस्थामा छन् भने ५० घरपरिवारका घर बाहेकका संरचना जग्गा जमिन नष्ट भएको अवस्थाका छन् । भल्माघेत्मा सडक सुचारु गर्न तत्काल तारजालीको व्यवस्था गर्नुपर्ने देखिन्छ । घेत्माखोलाका बस्ती एवम् खेतीयोग्य जमिनको सुरक्षाको लागि तटवन्धन तथा खोला नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

**(ङ) <u>वडा नं. १४</u>**

यस वडामा बाढि, पहिरो भू-क्षयले खासै ठूलो क्षति नपुर्याएको भएता पनि भौगोलिक हिसावले प्राकृतिक प्रकोपजन्य घटनाको लागि संवेदनशिल क्षेत्रको रुपमा रहेको छ । यस वडामा ३ घरपरिवार घर नष्ट भई पूर्ण विस्थापित भएको अवस्था छ भने बाँकी २  घरपरिवार अन्यत्र घर भएका तर बसीरहेको स्थानमा बस्न नमिल्ने अवस्थामा रहेका छन् ।

**(च) <u>वडा नं. ६</u>**

प्राकृतिक प्रकोपजन्य घटनाहरुको दृष्टिकोणले वडा नं. ६ स्थित त्रिवेणी बजार, मन्कावगर, तल्लो वगर लगायतका क्षेत्रहरु उच्च जोखिममा रहेका छन् । ठूलोभेरी नदीमा आएको बाढिका कारण वडा नं. ६ तल्लोवगरका ४ वटा पसलहरु बगेका छन् । वडा नं. ६ का करिव १३ घरपरिवारका घर बाहेकका अन्य संरचना, जग्गा जमिन नष्ट भएका छन् । खासगरी ठूलीभेरी नदीको कारण त्रिवेणी बजार, तल्लो वगर, मन्कावगर लगायतका स्थानहरु संवेदनशील रहेकोले तत्काल नदी नियन्त्रणको लागि तटवन्धन आवश्यक छ ।

**(छ) <u>वडा नं. ४, ७ र १०</u>**

वडा नं. ४ मा १ घरपरिवारको घर पूर्ण रुपमा नष्ट भई विस्थापित भएका छन् भने वडा नं. ७ र १० मा १/१ घरपरिवारका घर वाहेकका अन्य संरचना, जग्गाजमिन, अन्नपात नष्ट भएको अवस्था छ ।

यसरी अध्ययनको क्रममा ३१ घरपरिवार घर नष्ट भएका वा घर जोखिमपूर्ण अवस्थामा भई अन्यत्र विस्थापित हुनुपर्ने अन्यत्र कतै पनि घर नभएको अवस्था रहेका, १७ घरपरिवारका घर अत्यन्त जोखिमपूर्ण अवस्था भई अन्यत्र स्थानान्तरण गर्नुपर्ने तर अन्यत्र पनि घरहरु भएका अवस्थामा छन् भने बाँकी १८० घरपरिवारका घर वाहेक अन्य संरचना जग्गाजमिन, अन्नपात नष्ट भएको अवस्थाका पिडित रहेको पाइयो ।

नोटः- **क्षतिको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।**

३१ भन्दा बढि घरहरु भत्केका, १७ भन्दाबढि घर तत्काल बस्न नमिल्ने गरी जोखिमपूर्ण अवस्थामा रहेका, सयौं रोपनी जग्गामा लगाईएको अन्नवाली नष्ट भएको, नदी तथा खोलाहरुले विभिन्न वस्तीहरु कटान गरेको, खानेपानीका पाईप बगाएको, सिंचाई कूलो अवरुद्ध भएको, वडा कार्यालय एवम् मुख्य वस्ती जोड्ने सडकहरु अवरुद्ध भएको सन्दर्भमा तत्काल पुनर्निर्माण र पुनर्स्थापनाको लागि नगरपालिका, प्रदेश सरकार र संघीय सरकार लगायत सरोकारवाला सबैले ध्यान दिनु जरुरी देखिन्छ । घरमा भएको अन्न पनि नष्ट भएको, मकै तथा धान बाली समेत नष्ट भएको अवस्थामा खाद्यान्न संकट हुने देखिन्छ र तत्काल त्यस तर्फ ध्यान जानु आवश्यक छ ।

सुवाखोला, कैनखोला, कालेरह खोला, गीजागाडखोला, खारखाराखोला, ठूलीभेरी नदी, कालोखोला, घारीखोला लगायतका नदी तथा खोलाहरुमा प्राथमिकताकासाथ तटवन्धन गर्न एवम् अवरुद्ध सडकहरु सुचारु गर्न तत्काल १० हजार थानभन्दा बढि तारजाली आवश्यक देखिन्छ ।

## ५. निष्कर्ष

विपद् प्राकृतिक प्रकोपजन्य घटना हो । यसबाट हुने क्षति भयावह हुन सक्दछ । यस वर्षको अविरल वर्षाको कारण यस रुकुम पश्चिम जिल्लाका ६ वटा स्थानीय तहहरुमध्ये आठविसकोट नगरपालिका बढि प्रभावित भएको पाईयो । अविरल वर्षाको कारण आएको बाढि पहिरो र भूक्षयले मानवीय क्षति नभएको भएतापनि ६ करोड ५० लाख(प्रहरी मुचुल्का अनुसार) रुपैयाँभन्दा बढि

परिमाणको भौतिक संरचना अन्नवाली जमिन लत्ताकपडा क्षति भएको अवस्था छ । आठविसकोट नगरपालिका विपद व्यवस्थापन समितिले वर्गीकरण गरेको विवरण अनुसार घर नष्ट भएका वा घर नष्ट नभएता पनि बसीरहेको स्थानबाट विस्थापित हुनुपर्ने अवस्थामा पुगेका अन्यत्र कतै घर नभएका घरपरिवार ३१, घर नष्ट नभएका हाल बसिरहेको स्थानबाट विस्थापित भएका तर अन्यत्र घर भएका घरपरिवार १७ र घर बाहेकका अन्य संरचना, जग्गा जमिन, खेतीपाती नष्ट भएका घरपरिवार १८० रहेको पाइयो ।

जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी र नगरपालिकाले प्रारम्भिक सहयोग गरेको भएता पनि पूर्ण रुपमा विस्थापित घरपरिवारलाई बसोवास, खाद्यान्न लगायतको बन्दोबस्तिका लागि थप राहत, पुनर्स्थापना र पुनर्निर्माणको एकीकृत योजना ल्याउनु पर्ने देखिन्छ । अधिकांश दलित घरपरिवार यसबाट प्रभावित भएका छन् । आर्थिक अवस्था कमजोर भएका गरीव तथा अन्य घरपरिवारलाई प्रकोपले अझै ठूलो विपन्नताको खाल्डोमा धकेलेको छ । त्यस्ता घरपरिवारसँग नयाँ घर बनाउने आर्थिक हैसियत निकै कमजोर देखिन्छ । प्रदेश सरकार एवम् संघीय सरकार र सम्बन्धित सरोकारवाला निकायहरुको पहलमा प्रकोप पिडीत घरपरिवारलाई केन्द्र विन्दुमा राखि २ करोड भन्दा बढि लागतको एकीकृत वस्ती विकास कार्यक्रम ल्याउनु पर्ने अनुमान छ । सयौं रोपनी खेतीयोग्य भूमी वगरमा परिणत भएको, किसानले लगाएको मकै, खेती धानखेती नष्ट भएको सन्दर्भमा खाद्यान्नको अभाव हुन गई भोकमरी र अनिकालजस्तो खाद्य संकट आउन सक्ने संभावना छ । यस संभावनालाई मध्येनजर गर्दै समयमै खाद्यान्न संकलन, भण्डारण एवम् वितरणको सुनिश्चितता हुनु पर्ने देखिन्छ । प्रकोप पिडीत किसानहरुलाई मध्येनजर गरी विशेष कृषि योजनाहरु ल्याउन सबै पक्षले ध्यान दिनुपर्ने हुन्छ । कम्तिमा ५००० क्विन्टल बराबरको खाद्यान्न जोह गर्नुपर्ने अनुमान छ ।

सुवाखोला, कैनखोला, कालेरहखोला, गीजागाडखोला, खारखाराखोला, ठूलीभेरी नदी एवम् अन्य खोलाहरुबाट भएको कटान एवम् क्षतिलाई न्यूनिकरण गर्न र अवरुद्ध स्थानीय सडकहरु सुचारु गर्न तत्काल तटबन्धनको विशेष कार्यक्रम ल्याउनु पर्ने र सो कार्यको लागि कम्तिमा १० हजार थान तारजाली र थप बजेट व्यवस्थापन गर्नुपर्ने अनुमान छ ।

अव उप्रान्त सडक निर्माण गर्दा, नदीखोलाहरुबाट बालुवा, गिट्टी, ढुङ्गा निकाल्दा वा वातावरणीय हिसावले संवेदनशील कुनै विकास निर्माणसँग सम्बन्धित कार्य गर्दा अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने कानूनी व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्न सम्बन्धित सरोकारवाला निकाय सचेत र जागरुक हुनुपर्ने देखिन्छ ।

# ६. सुझावहरु

प्राकृतिक प्रकोपको कारण क्षतविक्षत भएका स्थानहरुका पिडीत घरपरिवारहरुलाई अनुभूति हुने किसिमले राहत उपलब्ध गराउने एवम् पुनर्निर्माण र पुनर्स्थापनाको कार्यलाई तत्काल सुरु गरी गति दिन नगरपालिका जिल्ला प्राकृतिक प्रकोप व्यवस्थापन समिति, रेडक्रस, प्रदेश सरकार, संघीय सरकार एवम् सरोकारवाला अन्य सबै निकायले देहाय बमोजिमका सुझावहरुको परिपालना गरी पिडीतहरुलाई विपद् पूर्वको अवस्थामा फर्काउन भूमिका खेल्नुपर्ने देखिन्छ :-

- ✓ प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन), २०७४ अनुसार विपदबाट घर, बहालको आवाश नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सान भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु १० हजारसम्म प्रति परिवार राहत उपलब्ध गराउने । घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण रुपमा नष्ट नभएता पनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका ३१ घरपरिवारलाई प्रति परिवार रु ५० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउने एवम् थप सहायताको लागि केन्द्रीय प्राकृतिक प्रकोप उद्धार समितिमा सिफारिस सहित अनुरोध गर्ने ।

- ✓ खाद्यान्नको अभावले आउन सक्ने खाद्य संकटको अवस्थालाई दूर गर्न तत्काल कम्तिमा ५००० क्विन्टल(नगरपालिकाको कृषि इकाईले पेश गरेको विवरण अनुसार) खाद्यान्नको व्यवस्था गर्न नगरपालिका, जिल्ला प्राकृतिक प्रकोप उद्धार समिति, जिल्ला समन्वय समितिको कार्यालय, रेडक्रस, प्रदेश सरकार एवम् संघीय सरकारले आ-आफ्नो तर्फबाट आवश्यक तयारी र पहल गर्ने एवम् खाद्यान्नको अभाव हुन नसक्ने अवस्थाको सिर्जना गर्ने ।

- ✓ सुवाखोला, कैनखोला, कालेरहखोला, गीजागाडखोला, खारखाराखोला, ठूलीभेरीनदी, कालोखोला, घारीखोला लगायतका नदी तथा खोलाहरुको कारण जोखिमपूर्ण अवस्थामा रहेका स्थान तथा बस्तीहरुमा तटवन्धनको लागि प्रदेश सरकार र संघीय सरकारबाट लागत अनुमानको आधारमा विशेष अनुदानको माग गर्ने । तत्कालको लागि नदी नियन्त्रण एवम्

तटवन्धनको लागि कम्तिमा १० हजार थान तारजाली(जिल्ला प्राविधिक कार्यालयले पेश गरेको विवरण समेतको आधारमा)को व्यवस्था गर्ने ।

- ✓ वन कार्यालय एवम् सामुदायिक वन उपभोक्ता समितिहरुसँगको समन्वयमा प्रकोप पीडितहरुलाई घर तथा आवाश निर्माणको लागि सहुलियत दरमा काठ उपलब्ध हुने व्यवस्था गर्ने तर काठ उपलब्ध गराउने नाममा वन फडानी हुन नदिने ।

- ✓ प्रकोप पीडितलाई सहयोग गर्न इच्छुक एवम् सक्षम व्यक्ति, संस्था एवम् निकायहरुलाई तत्काल आर्थिक, प्राविधिक एवम् वस्तुगत सहयोगको लागि अपिल गर्ने र प्राप्त सहयोग रकम नगर कार्यपालिकाको निर्णयानुसार पारदर्शी एवम् उत्तरदायिपूर्ण ढङ्गले पीडित घर परिवारलाई राहत उपलब्ध गराउन एवम् पुनर्निर्माण र पुनर्स्थापनाको लागि खर्च गर्ने व्यवस्था मिलाउने ।

- ✓ प्रत्येक स्थानीय तहहरुले प्रकोप जोखिम न्यूनिकरण प्रतिकार्य योजना तयार गरी लागू गर्ने तथा गराउने । सोको लागि जिल्ला दैवी प्रकोप उद्धार समिति एवम् रेडक्रसजस्ता सो क्षेत्रमा अनुभव प्राप्त निकायले आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।

- ✓ विस्थापित घरपरिवारलाई एकीकृत वस्ती विकास कार्यक्रमको अवधारणा अनुसार पुनर्स्थापना गर्ने । जोखिममा रहेका वस्तीहरुलाई एकीकृत वस्ति विकासको अवधारणा अनुसार सुरक्षित एवम् उपयुक्त ठाउँमा स्थानान्तरणको लागि प्रदेश सरकार एवम् संघीय सरकारसँग समपूरक अनुदान र विशेष अनुदान माग गर्ने र प्रत्येक स्थानीय तहले सोको लागि व्यवस्थित योजना निर्माण गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

- ✓ समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयार गरी प्रत्येक स्थानीय तहले लागू गर्ने ।

- ✓ पीडित घरपरिवारका सदस्यहरुलाई स्थानीय तहले रोजगारीका अवसरहरुमा प्राथमिकता दिने, सीपमूलक तालिम एवम् आयआर्जनका क्रियाकलापहरुमा आवद्ध गराई स्वरोजगार हुने अवसर प्रदान गर्ने ।

- ✓ प्रकोप पीडित घरपरिवारलाई सम्बन्धित घटनास्थल वा सम्बन्धित स्थानीय तहको केन्द्र वा वडाबाट नै राहत वितरण हुने व्यवस्था मिलाउने । यसको लागि सम्बन्धित गाउँ/नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, रेडक्रस, जिल्ला प्राकृति प्रकोप उद्धार समितिबिच समन्वय र परामर्श हुनुपर्ने ।

- ✓ सडक निर्माण लगायत वातावरणीय हिसावले संवेदनशिल कार्यहरु गर्दा वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ मा उल्लेखित प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्यांकन(EIA) सम्बन्धि प्रावधानलाई कडाईका साथ कार्यान्वयन गर्ने ।
- ✓ विपद् व्यवस्थापनमा Bottom up approach को मान्यता अनुसार राज्यका नीति, कार्यक्रम तथा योजनाहरुमा समुदायको सहभागीता, अपनत्व, नेतृत्व स्थापित गर्ने ।
- ✓ संविधानले निर्दिष्ट गरेको स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी अधिकारलाई समुदायमा आधारित विपद् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने, त्यस्तो योजना निर्माण गर्दा समुदायको सक्रिय, अर्थपूर्ण एवम् स्वतन्त्र सहगागीता सुनिश्चित गर्ने ।
- ✓ प्रकोप परेपछि गरिने खर्चको धेरै गुणा कम रकम प्रकोप पूर्व तयारीमा उपयोग गरेमा प्रकोपको क्षति न्यून गर्न सकिन्छ । विपद् व्यवस्थापनमा विपद् पूर्वका कार्यहरुमा त्यति ध्यान दिइएको पाईदैन । तसर्थ विपद् व्यवस्थापन चक्रको पूर्ण पालना गरी विपद् पूर्व, विपद्को बेला एवम् विपद् पश्चात्का तीन वटै चरणका क्रियाकलपाहरु सूक्ष्ममा विश्लेषण गरी कार्यान्वयनमा ल्याउने,
- ✓ **विपद् सम्बन्धमा** समुदायको व्यवहारमा परिवर्तन ल्याउन अभियानकै रुपमा सचेतना अभिवृद्धि तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने तथा विपद् सम्बन्धमा रहेका गलत धारणा र भ्रमहरुको चिरफार गर्ने,

- ✓ सरकारी तथा गैर सरकारी क्षेत्रहरुबाट सञ्चालित विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुलाई एकीकृत तथा समन्वयात्मक ढङ्गले सञ्चालन गर्ने, सम्बद्ध निकायहरु विचमा प्रभावकारी समन्वय, सहकार्य निर्माण गर्ने,
- ✓ SBDMP, DCP को निर्माण, स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र, LDRC, LDMC, MADRM लाई अधिकार सम्पन्न र दक्ष जनशक्तियुक्त तुल्याउने,
- ✓ HFA मा उल्लेखित विकासका हरेक चरणहरुमा विपद् व्यवस्थापनलाई एकीकरण गर्ने, विपद्का सम्भावित जोखिमहरुको पहिचान, लेखाजोखा, मूल्यांकन तथा संस्थागत सुदृढिकरण गर्ने, विपद्बाट पुर्नउत्थानशिल समुदायको निर्माण तथा ज्ञानमा आधारित संस्कृतिको विकास गर्ने, विपद्का कारक तत्वहरुको विश्लेषण गर्ने कार्यलाई तत्काल कार्यान्वयनमा ल्याउने,
- ✓ एकीकृत समुदायमा आधारित विपद् व्यवस्थापन, Mitigation, prevention, preparedness, response, search and rescue, rehabilitation, reconstruction को लागि क्षमता विकास, प्रकोप जोखिम न्यूनिकरणमा आवश्यक समन्वय तथा नीति मार्गदर्शनको लागि platform को निर्माण गर्ने,
- ✓ Build, trained, equipped, connected state disaster response force को अवधारणा स्थानीय तहसम्म लागू गर्ने ।

# अनुसूचीहरु

## अनुसूची १

### प्रकोपबाट पिडीत घरपरिवारहरुको विस्तृत विवरण

**(क) घर भत्कीएका, घर नभत्कीएको भएता पनि सो स्थानमा बस्न नसकी अन्त्र विस्थापित भएका तर आफ्नै अन्यत्र घर नभएका पिडित घर परिवारको विवरण**

| क्र.सं. | पिडितको नाम थर | ठेगाना | अन्दाजी क्षति | कैफियत |
|---|---|---|---|---|
| १. | भरने कामी | **आ.न.पा. ११** | ७००,०००।०० | |
| २. | नदे कामी | **आ.न.पा. ११** | ६००,०००।०० | |
| ३. | लाले कामी | **आ.न.पा. ११** | ६००,०००।०० | |
| ४. | हेमराज कामी | **आ.न.पा. ११** | ६००,०००।०० | |
| ५. | रुद्र ब. सार्की | **आ.न.पा. ११** | १,६००,०००।०० | |
| ६. | मने कामी | **आ.न.पा. ११** | ( | क्षति नखुलेको |
| ७. | देव बहादुर कामी | **आ.न.पा. ११** | ७००,०००।०० | |
| ८. | दत्ते पुन | **आ.न.पा.११** | ८००,०००।०० | |
| ९. | प्रताप कामी | **आ.न.पा. ११** | १,०००,०००।०० | |
| १०. | रत्ने कामी | **आ.न.पा. ११** | ६००,०००।०० | |
| ११. | विकास आग्री | **आ.न.पा. ११** | ७००,०००।०० | |
| १२. | धनसरी कामी | **आ.न.पा. ११** | ५००,०००।०० | |
| १३. | विरजित कामी | **आ.न.पा. ११** | ( | क्षति नखुलेको |
| १४. | बल बहादुर दमाई | **आ.न.पा. ११** | ( | क्षति नखुलेको |
| १५. | भत्तबहादुर सिंह | आ.न.पा. ९ | ८००,०००।०० | |
| १६. | कमला शाही | आ.न.पा. ९ | १,८००,०००।०० | |
| १७. | बली कामी | आ.न.पा. १२ | ५७०,०००।०० | |
| १८. | निर्मला गिरी | **आ.न.पा. ११** | ८००,०००।०० | |
| १९. | पबि खडका | आ.न.पा. १३ | ७००,०००।०० | |
| २०. | गणेश पुन | आ.न.पा. १३ | ४००,०००।०० | |
| २१. | कर्णे कामी | आ.न.पा. १३ | ४५०,०००।०० | |
| २२. | रातो कामी | आ.न.पा. १३ | ३००,०००।०० | |
| २३. | बल बहादुर खत्रि | आ.न.पा. १३ | ३००,०००।०० | |
| २४. | बल भद्र कुसारी | आ.न.पा. १३ | ३००,०००।०० | |
| २५. | बिनोद मल्ल | आ.न.पा. १४ | ( | क्षति नखुलेको |
| २६. | टेक बहादुर मल्ल | आ.न.पा. १४ | ( | क्षति नखुलेको |
| २७. | बिरजंग मल्ल | आ.न.पा. १४ | ( | क्षति नखुलेको |
| २८. | चंखे नेपाली | आ.न.पा. ४ | १५०,०००।०० | |
| २९. | प्रजित खत्रि | आ.न.पा. ९ | १२५,०००।०० | |
| ३०. | रत्ने कामी | **आ.न.पा. ११** | २००,०००।०० | |
| ३१. | विर्मी कामी | **आ.न.पा. ११** | ३१०,०००।०० | |
| **जम्मा क्षति** | | | १५,६०५,०००।०० | |

**(ख) घर नभत्कीएका तर सोही स्थानबाट विस्थापित अन्यत्र स्थानमा घर भएका पिडित परिवारहरुको विवरण**

| क्र.सं. | पिडितको नाम थर | ठेगाना | क्षतिको विवरण (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १. | भिमा मल्ल | आ.न.पा. १४ | ( | उल्लेख नभएको |
| २. | भिमा शाही | आ.न.पा. १४ | ( | उल्लेख नभएको |
| ३. | राम बहादुर आग्री | आ.न.पा. ९ | ( | उल्लेख नभएको |
| ४. | दले पुन | आ.न.पा. १३ | ६००,०००।०० | |
| ५. | लिला पुन | आ.न.पा. १३ | ५००,०००।०० | |
| ६. | मनराम परियार | आ.न.पा. १३ | ५००,०००।०० | |
| ७. | पञ्चे पुन | आ.न.पा. १३ | १५०,०००।०० | |
| ८. | तिलक बहादुर खड्का | आ.न.पा. १३ | २५०,०००।०० | |
| ९. | हिरु मल्ल | आ.न.पा. १३ | १५०,०००।०० | |
| १०. | कमला सिंह | आ.न.पा. १३ | ( | जोखिममा रहेको |
| ११. | विपना बुढा | आ.न.पा. १३ | ( | जोखिममा रहेको |
| १२. | रुपधनी दमाई | आ.न.पा. १३ | ३००,०००।०० | |
| १३. | चक्र पुन | आ.न.पा. १३ | ( | जोखिममा रहेको |
| १४. | पुनी कामी | आ.न.पा. १३ | ३००,०००।०० | |
| १५. | रने पुन | आ.न.पा. १३ | ३००,०००।०० | |
| १६. | धन्नामे पुन मगर | आ.न.पा. १३ | ( | जोखिममा रहेको |
| १७. | पहलसिंह खत्री | आ.न.पा. १३ | ( | जोखिममा रहेको |
| जम्मा | | | ३,०५०,०००।०० | |

**(ग) घर बाहेक अन्य संरचना नष्ट भएका (खेति लगाएको जग्गा, खेत, घट्ट आदि) पीडित परिवारहरुको विवरण**

| क्र.सं. | पिडितको नाम थर | ठेगाना | क्षतिको विवरण (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १ | भरुने नाथ गोसाई | **आ.न.पा. ११** | ५००,०००।०० | |
| २ | खुम्मे बुढा | आ.न.पा. १२ | २००,०००।०० | |
| ३ | कली नेपाली | आ.न.पा. १२ | २५०,०००।०० | |
| ४ | मानसिं ओली | **आ.न.पा. ११** | २५०,०००।०० | |
| ५ | जोखु शाही | **आ.न.पा. ११** | १५०,०००।०० | |
| ६ | अमर बहादुर बस्नेत | **आ.न.पा. ११** | ३००,०००।०० | |
| ७ | चन्द्र बहादुर पुन | **आ.न.पा. ११** | ३१०,०००।०० | |
| ८ | गोपाल चन्द | **आ.न.पा. ११** | १००,०००।०० | |
| ९ | खिमी खड्का | **आ.न.पा. ११** | २००,०००।०० | |
| १० | भरने पुन मगर | **आ.न.पा. ११** | ३१०,०००।०० | |
| ११ | दल बहादुर मल्ल | आ.न.पा. ९ | १,०००,०००।०० | |
| १२ | भविता गिरी | **आ.न.पा. ११** | २००,०००।०० | |
| १३ | चन्द्र बहादुर बुढा | आ.न.पा. ९ | ३००,०००।०० | |
| १४ | नरे खत्री | आ.न.पा. ९ | १२५,०००।०० | |
| १५ | मनबहादुर खत्री | आ.न.पा. ९ | ५५०,०००।०० | |
| १६ | लिला मल्ल | आ.न.पा. १३ | ४९,०००।०० | |
| १७ | निर्मल गिरी | **आ.न.पा. ११** | ८००,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | विष्णु कुमारी गिरी | **आ.न.पा. ११** | ४००,०००।०० | |
| १९ | गोरख बहादुर गिरी | **आ.न.पा. ११** | ३००,०००।०० | |
| २० | पवित्रा गिरी | **आ.न.पा. ११** | ५०,०००।०० | |
| २१ | रुपा कामी | **आ.न.पा. ११** | २५०,०००।०० | |
| २२ | कृष्ण बहादुर गिरी | **आ.न.पा. ११** | ५०,०००।०० | |
| २३ | सर्केनी नाथ गोसाई | **आ.न.पा. ११** | १००,०००।०० | |
| २४ | दत्ते नाथ गोसाई | **आ.न.पा. ११** | २००,०००।०० | |
| २५ | रुद्रबहादुर गिरी | **आ.न.पा. ११** | ५००,०००।०० | |
| २६ | भरुने नाथ गोसाई | **आ.न.पा. ११** | ५००,०००।०० | |
| २७ | विरे नेपाली | आ.न.पा. ९ | ( | उल्लेख नभएको |
| २८ | ललित दमाई | आ.न.पा. ९ | ( | उल्लेख नभएको |
| २९ | डिलबहादुर बिटालु | आ.न.पा. १२ | ५००,०००।०० | |
| ३० | तुल बहादुर बुढा | आ.न.पा. १२ | ८०,०००।०० | |
| ३१ | पृथ्वी बहादुर पुन | आ.न.पा. १२ | ९०,०००।०० | |
| ३२ | कली डाँगी | आ.न.पा. १२ | २५०,०००।०० | |
| ३३ | खेमराज बुढा | आ.न.पा. १२ | ५००,०००।०० | |
| ३४ | जयकुमारी बबाल | आ.न.पा. १२ | १५०,०००।०० | |
| ३५ | गिता बुढा | आ.न.पा. १२ | १५०,०००।०० | |
| ३६ | निशा बुढा | आ.न.पा. १२ | १५०,०००।०० | |
| ३७ | गउनी कामी | आ.न.पा. १२ | १५०,०००।०० | |
| ३८ | कली नेपाली | आ.न.पा. १२ | ( | मुचुल्का नबनेको |
| ३९ | खुम्मे बुढा | आ.न.पा. १२ | ( | मुचुल्का नबनेको |
| ४० | पदमे कामी | आ.न.पा. ११ | ८००,०००।०० | |
| ४१ | अम्मे कामी | आ.न.पा. ११ | ८००,०००।०० | |
| ४२ | खिम बहादुर शाही | आ.न.पा. ११ | ६००,०००।०० | |
| ४३ | दिल बहादुर चन्द | आ.न.पा. ११ | ६००,०००।०० | |
| ४४ | मन्जीत दमाई | आ.न.पा. ११ | २००,०००।०० | |
| ४५ | कर्ण बहादुर वली | आ.न.पा. ११ | ८८,०००।०० | |
| ४६ | खम्मे वली | आ.न.पा. ११ | ८८,०००।०० | |
| ४७ | शेर बहादुर बटाला | आ.न.पा. ११ | ४४,०००।०० | |
| ४८ | लंक बहादुर बटाला | आ.न.पा. ११ | ८८,०००।०० | |
| ४९ | नर्तम पुन | आ.न.पा. ११ | ४४,०००।०० | |
| ५० | लालमति गिरी | आ.न.पा. ११ | १८०,०००।०० | |
| ५१ | अर्जुन खत्री | आ.न.पा. ६ | ( | |
| ५२ | नौले खत्री | आ.न.पा. ६ | ( | |
| ५३ | मन्जीत कामी | आ.न.पा.९ | ( | उल्लेख नभएको |
| ५४ | पदम बहादुर खड्का | आ.न.पा. ६ | ( | |
| ५५ | जिते कामी | आ.न.पा. ६ | ( | |
| ५६ | धन्नाम कामी | आ.न.पा. ६ | ( | |
| ५७ | पुष्प खड्का | आ.न.पा. ६ | ( | |
| ५८ | धन बहादुर बस्नेत | आ.न.पा. ६ | ( | |
| ५९ | जंग बहादुर शाही | आ.न.पा. ६ | ( | |

| | | | | |
|---|---|---|---|---|
| ६० | भिम बहादुर शाही | आ.न.पा. ६ | ( | |
| ६१ | विर बहादुर मल्ल | आ.न.पा. ६ | ( | |
| ६२ | तव बहादुर शाही | आ.न.पा. ६ | ( | |
| ६३ | कैलाश विष्ट | आ.न.पा. ६ | ( | |
| ६४ | जय बहादुर शाही | आ.न.पा. ६ | ( | |
| ६५ | डिल्ली बहादुर बटाला | आ.न.पा.९ | ( | मुचुल्का नबनेको |
| ६६ | जगत जंग चन्द | आ.न.पा.९ | ( | मुचुल्का नबनेको |
| ६७ | धन बहादुर मल्ल | आ.न.पा.९ | ( | मुचुल्का नबनेको |
| ६८ | मदी बटाला | आ.न.पा.९ | ( | मुचुल्का नबनेको |
| ६९ | कृष्ण बहादुर चन्द | आ.न.पा.९ | ( | मुचुल्का नबनेको |
| ७० | मन कुमारी वि.क. | आ.न.पा.९ | ( | मुचुल्का नबनेको |
| ७१ | मनीराम पुन | आ.न.पा.१० | ( | मुचुल्का नबनेको |
| ७२ | मनवीर कुसारी | आ.न.पा.१२ | ६६०,०००।०० | |
| ७३ | हर्क कुसारी | आ.न.पा.१२ | ( | मुचुल्का नबनेको |
| ७४ | दिपे बुढा | आ.न.पा.१२ | ( | मुचुल्का नबनेको |
| ७५ | तिलक खड्का | आ.न.पा.१३ | ( | मुचुल्का नबनेको |
| ७६ | बलीभद्र कुसारी | आ.न.पा.१३ | ५२५,०००।०० | |
| ७७ | नर बहादुर रसाईली | **आ.न.पा.११** | ( | मुचुल्का नबनेको |
| ७८ | विशाल सार्की | **आ.न.पा.११** | ५००,०००।०० | |
| ७९ | राजेन्द्र वि.क. | **आ.न.पा.११** | ७००,०००।०० | |
| ८० | मनिराज नेपाली | **आ.न.पा.११** | ७००,०००।०० | |
| ८१ | डम्मर कामी | **आ.न.पा.११** | ३००,०००।०० | |
| ८२ | लक्ष्मण वि.क. | **आ.न.पा.११** | ३००,०००।०० | |
| ८३ | नविन कामी | **आ.न.पा.११** | ३००,०००।०० | |
| ८४ | कर्ण बहादुर कामी | **आ.न.पा.११** | ५००,०००।०० | |
| ८५ | धनसिंह आग्री | **आ.न.पा.११** | ६००,०००।०० | |
| ८६ | विमला कामी परियार | **आ.न.पा.११** | ४००,०००।०० | |
| ८७ | अने कामी | **आ.न.पा.११** | २५०,०००।०० | |
| ८८ | कर्णवीर कामी | **आ.न.पा.११** | ५००,०००।०० | |
| ८९ | देविका परियार | **आ.न.पा.११** | ( | घर जोखिममा |
| ९० | अमृत कामी | **आ.न.पा.११** | ३००,०००।०० | |
| ९१ | रत्ने कामी | **आ.न.पा.११** | ७५०,०००।०० | |
| ९२ | नविना कामी | **आ.न.पा.११** | २००,०००।०० | |
| ९३ | विर बहादुर कामी | **आ.न.पा.११** | २००,०००।०० | |
| ९४ | रमेश वि.क. | **आ.न.पा.११** | ७००,०००।०० | |
| ९५ | अनन्त बहादुर वि.क. | **आ.न.पा.११** | ७००,०००।०० | |
| ९६ | दलजित नेपाली | **आ.न.पा.११** | ७००,०००।०० | |
| ९७ | रत्न कुमारी वि.क. | **आ.न.पा.११** | १५०,०००।०० | |
| ९८ | विमला गिरी शाही | **आ.न.पा.११** | २५०,०००।०० | |
| ९९ | पहलसिंह कामी | **आ.न.पा.११** | २५०,०००।०० | |
| १०० | च्वाचे कामी | **आ.न.पा.११** | ३००,०००।०० | |
| १०१ | धने कामी | **आ.न.पा.११** | ३००,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १०२ | विक्रम कामी | **आ.न.पा.११** | ( | मुचुल्का नबनेको |
| १०३ | कलिभान कामी | **आ.न.पा.११** | ५००,०००।०० | |
| १०४ | अर्जुन चनारा | **आ.न.पा.११** | ५००,०००।०० | |
| १०५ | बुदिराम कामी | **आ.न.पा.११** | ५००,०००।०० | |
| १०६ | चन्द्र बहादुर सार्की | **आ.न.पा.११** | ५००,०००।०० | |
| १०७ | गोपाल वि.क. | **आ.न.पा.११** | ५००,०००।०० | |
| १०८ | दिपक सार्की | **आ.न.पा.११** | २५०,०००।०० | |
| १०९ | धने कामी | **आ.न.पा.११** | ४५०,०००।०० | |
| ११० | नन्नविर कामी | **आ.न.पा.११** | ४५०,०००।०० | |
| १११ | जगवीर बटाला | **आ.न.पा.११** | ३००,०००।०० | |
| ११२ | प्रेमबिर कामी | **आ.न.पा.११** | १५०,०००।०० | |
| ११३ | नैनसिंह कामी | **आ.न.पा.११** | ५००,०००।०० | |
| ११४ | जगते कामी | **आ.न.पा.११** | ५००,०००।०० | |
| ११५ | फत्ते कामी | **आ.न.पा.११** | ६५०,०००।०० | |
| ११६ | सरवीर कामी | **आ.न.पा.११** | ७५०,०००।०० | |
| ११७ | पदम कुमारी चन्द | आ.न.पा.९ | ( | उल्लेख नभएको |
| ११८ | दुर्गा बहादुर ओली | आ.न.पा.९ | ( | उल्लेख नभएको |
| ११९ | चन्द्र बहादुर मल्ल | आ.न.पा.९ | ( | उल्लेख नभएको |
| १२० | लोके मल्ल | आ.न.पा.१३ | ३००,०००।०० | |
| १२१ | महाविर पुन | आ.न.पा.१३ | २००,०००।०० | |
| १२२ | प्रेम प्रकाश पुन | आ.न.पा.१३ | २००,०००।०० | |
| १२३ | रमेश वि.क. | आ.न.पा.१३ | २००,०००।०० | |
| १२४ | भद्रे पुन | आ.न.पा.१३ | २००,०००।०० | |
| १२५ | तेज बहादुर पुन | आ.न.पा.१३ | २००,०००।०० | |
| १२६ | धने पुन | आ.न.पा.१३ | १००,०००।०० | |
| १२७ | राजु ओली | आ.न.पा.१३ | १५०,०००।०० | |
| १२८ | समुन्द्र चन्द | आ.न.पा.१३ | ३५०,०००।०० | |
| १२९ | जंगे पुन | आ.न.पा.१३ | २००,०००।०० | |
| १३० | शान्त बहादुर खत्री | आ.न.पा.१३ | २००,०००।०० | |
| १३१ | कालो दमाई | आ.न.पा.१३ | ३००,०००।०० | |
| १३२ | जंग बहादुर चन्द | आ.न.पा.१३ | ४०,०००।०० | |
| १३३ | मन बहादुर मल्ल | आ.न.पा.१३ | १७५,०००।०० | |
| १३४ | नरतम ओली | आ.न.पा.१३ | १५०,०००।०० | |
| १३५ | शर्पे पुन | आ.न.पा.१३ | ३००,०००।०० | |
| १३६ | रामे दमाई | आ.न.पा.१३ | १५०,०००।०० | |
| १३७ | नन्दराम खड्का | आ.न.पा.१३ | १५०,०००।०० | |
| १३८ | विरवल कामी | आ.न.पा.१३ | ३००,०००।०० | |
| १३९ | भयराम कुसारी | आ.न.पा.१३ | २००,०००।०० | |
| १४० | लिला वि.क. | आ.न.पा.१३ | १५०,०००।०० | |
| १४१ | देउराम कामी | आ.न.पा.१३ | १५०,०००।०० | |
| १४२ | नर बहादुर खड्का | आ.न.पा.१३ | १५०,०००।०० | |
| १४३ | बल बहादर खड्का | आ.न.पा.१३ | १५०,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १४४ | काली मल्ल | आ.न.पा.१३ | ९००,०००।०० | |
| १४५ | नन्दे दमाई | आ.न.पा.१३ | १५०,०००।०० | |
| १४६ | सेते दमाई | आ.न.पा.१३ | ३००,०००।०० | |
| १४७ | हरी बहादुर ओली | आ.न.पा.१३ | २००,०००।०० | |
| १४८ | महाविर पुन | आ.न.पा.१३ | १५०,०००।०० | |
| १४९ | नदी मल्ल | आ.न.पा.१३ | २००,०००।०० | |
| १५० | डिले बुढाथोकी | आ.न.पा.१३ | १५०,०००।०० | |
| १५१ | विरे पुन | आ.न.पा.१३ | ३५०,०००।०० | |
| १५२ | बलजित पुन | आ.न.पा.१३ | ३००,०००।०० | |
| १५३ | कमारो दमाई | आ.न.पा.१३ | ३००,०००।०० | |
| १५४ | रंग बहादुर कामी | आ.न.पा.१३ | १५०,०००।०० | |
| १५५ | रत्न बहादुर पुन | आ.न.पा.१३ | १५०,०००।०० | |
| १५६ | नरतम पुन | आ.न.पा.१३ | १५०,०००।०० | |
| १५७ | रति पुन | आ.न.पा.१३ | ३००,०००।०० | |
| १५८ | शेरबहादुर मल्ल | आ.न.पा.१३ | १५०,०००।०० | |
| १५९ | यादव जंग मल्ल | आ.न.पा.१३ | ३००,०००।०० | |
| १६० | गगने दमाई | आ.न.पा.१३ | ३००,०००।०० | |
| १६१ | नरसिंह बुढाथोकी | आ.न.पा.१३ | ४००,०००।०० | |
| १६२ | खली कमिनी | आ.न.पा.१३ | ३५०,०००।०० | |
| १६३ | नैनी कामी | आ.न.पा.१३ | २००,०००।०० | |
| १६४ | रातो कामी | आ.न.पा.१३ | ४००,०००।०० | |
| १६५ | प्रेम बहादुर चन्द | आ.न.पा.१३ | ५००,०००।०० | |
| १६६ | प्रविण कुमार चन्द | आ.न.पा.१३ | १५०,०००।०० | |
| १६७ | झुपे नेपाली | आ.न.पा.१२ | ५००,०००।०० | |
| १६८ | भर्दे कामी | आ.न.पा.१२ | १००,०००।०० | |
| १६९ | हरिभक्त कामी | आ.न.पा.१२ | ३३०,०००।०० | |
| १७० | कमारो खत्री | आ.न.पा.१२ | १००,०००।०० | |
| १७१ | कलु बुढा | आ.न.पा.१२ | १००,०००।०० | |
| १७२ | सरस्वती गिरी | **आ.न.पा.११** | १००,०००।०० | |
| १७३ | सितली बुढा | **आ.न.पा.११** | १००,०००।०० | |
| १७४ | बिमला बुढा | **आ.न.पा.११** | २००,०००।०० | |
| १७५ | धनसरी गिरी | **आ.न.पा.११** | २५०,०००।०० | |
| १७६ | धन बहादुर खत्री | आ.न.पा.१२ | २३०,०००।०० | |
| १७७ | कर्ण सिंह कामी | **आ.न.पा. ११** | ३००,०००।०० | |
| १७८ | नन्दविर कामी | **आ.न.पा. ११** | ५००,०००।०० | |
| १७९ | मिना परियार | आ.न.पा.९ | १५०,०००।०० | |
| १८० | मने खत्री | आ.न.पा. ९ | ५५०,०००।०० | |
| जम्मा | | | ४५,७०६,०००।०० | |

कूल अनुमानित क्षति(खुलेको) : रु. ६ करोड ४३ लाख ६१ हजार

**(घ) विपदबाट प्रभावतिहरुको संख्यात्मक विवरण र वर्गीकरण**

| वडा नं. | क्षतिको प्रकार | | | जम्मा |
|---|---|---|---|---|
| | घर भत्कीएका, घर नभत्कीएको भएता पनि सो स्थानमा बस्न नसकी अन्यत्र विस्थापित भएका तर आफ्नै अन्यत्र घर नभएका | घर नभत्कीएका तर सोही स्थानबाट विस्थापित अन्यत्र स्थानमा घर भएका | घर बाहेक अन्य संरचना नष्ट भएका ( खेति लगाएको जग्गा, खेत, घट्ट आदि) | |
| ४ | १ | ० | ० | १ |
| ६ | ० | ० | १३ | १३ |
| ९ | ३ | १ | १८ | २२ |
| १० | ० | ० | १ | १ |
| ११ | १७ | ० | ७६ | ९३ |
| १२ | १ | ० | २२ | २३ |
| १३ | ६ | १४ | ५० | ७० |
| १४ | ३ | २ | ० | ५ |
| जम्मा | ३१ | १७ | १८० | २२८ |

# अनुसूची २ तस्विरहरु



## आठबीसकोटका सात वडा बाढीको जोखिममा

धनवीर दाहाल, रुकुम

अविरल वर्षाका कारण गिँजागाड खोलामा बाढी आएपछि रुकुम पश्चिमको आठबीसकोट नगरपालिका कार्यालय तथा राडी बजारसमेत जोखिममा परेको छ। लगातारको वर्षापछि आएको बाढीले नगरपालिका कार्यालय वरपरका घरमा क्षति पुऱ्याएको छ।

बाढी नगरपालिकाको आँगनसम्म पुगेपछि कार्यालयभित्रका सरसामान अन्यत्र सारिएको छ। लगातारको वर्षाले गिँजागाड खोलामा आएको बाढीका कारण कुनै पनि बेला कार्यालयमा क्षति हुन सक्ने भएकाले सामानहरू सारिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले बताउनुभयो। उहाँका अनुसार कार्यालयमा रहेको महत्त्वपूर्ण कागजात, इलेक्ट्रोनिक सामग्रीहरू अन्यत्रै सारिएको छ।

बाढीले सभा कक्ष, कार्यालय भवन, बन्दै गरेको अर्को भवन पनि बाढीको उच्च जोखिममा परेको छ। यसै गरी आठबीसकोट नगरपालिकाको वडा नम्बर ६, ७, ८, ९, १०, ११ र १२ वडाका मुख्य बस्तीहरू उच्च जोखिममा परेका छन्। गिँजागाड खोला, खारखारा ठूली भेरी नदीआसपासमा अझै खतरा रहेकाले ढुक्कसँग बस्ने अवस्था नभएको स्थानीयले गुनासो गरेका छन्।



वडा नं. ९ गिजागाड खोलामा आएको बाढि नियन्त्रणको लागि प्रयास गरिदै

वडा नं. ९ गिजागाड खोलामा आएको बाढि/नगरपालिका कार्यालयसँगै





वडा नं. ११ मंगरामा आएको पहिरो

# वडा नं. ११ मंगरामा आएको पहिरो





वडा नं. ११ धुर्सेनीमा खेतियोग्य भूमि वगरमा परिणत भएको





वडा नं. ६ तल्लोवगरको पुल जोखिममा

# वडा नं. ६ तल्लोवगरमा ठूलीभेरी नदिले गरेको कटान





वडा नं. ११ मंगराका नगरपालिकाबाट विपद पीडितलाइ राहत वितरण हुँदै





वडा नं. १३ भल्मा





वडा नं. ११ धुर्सेनीमा जिल्ला प्रशासन कार्यालय, रेडक्रस र नगरपालिकाद्धारा राहत वितरण गरिदै

# बाढीपहिरो पीडितलाई राहत वितरण



आठबिसकोट नगरपालिका-११ मड्गरामा बाढीपहिरो पीडितलाई राहत वितरण गरिँदै। तस्बिर : सुरेन्द्र खत्री

▪ रुकुम समाचारदाता

रुकुम (पश्चिम), भदौ ४ गते। जिल्लाको आठबिसकोट नगरपालिका-११ का बाढीपहिरो पीडित परिवारलाई राहत वितरण गरिएको छ।

वडाको मड्गरा, धुर्सेनी र गोइरीमा बाढीपहिरोले घर भत्काउँदा गत साता १६ र आइतबार २ परिवार घरबारविहीन भएका थिए। सोमबार जिल्लाबाट राहत लिएर टोली सोही स्थानमा पुगेर राहत वितरण गरेको हो। घरबारविहीनमध्ये पहिलो चरणमा सोमबार जिल्ला प्रशासन कार्यालयबाट १३ परिवारलाई प्रतिपरिवार नौ हजार रुपियाँ वितरण गरिएको र नेपाल रेडक्रस सोसाइटीको तर्फबाट १२ परिवारलाई गैरखाद्य सामग्री वितरण गरिएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले जानकारी दिनुभयो।

प्रारम्भिक जानकारी अनुसार १६ परिवारका लागि राहत सामग्री बोकेर जिल्लाबाट प्रशासन कार्यालयका खरिदार देवबहादुर ओली र नेपाल रेडक्रस सोसाइटी रुकुमका सभापति शिवराम खत्रीलगायतको टोली त्यसतर्फ पठाइएको उहाँले बताउनुभयो। बाँकीके लागि अर्को चरणमा वितरण गरिने भएको छ। उनीहरूलाई सामान्य व्यवस्थापन गर्न जिल्ला प्रकोप पीडित उद्धार तथा राहत कोषबाट यो रकम प्रदान गरिएको हो। रेडक्रसबाट वितरण गरिएको राहत सामग्रीमा त्रिपाल, कम्बल, भाँडाकुँडा र काँचो कपडालगायत रहेको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुकुमका सभापति शिवराम खत्रीले जानकारी दिनुभयो।

यसका साथै अन्य वडाका १७ घरपरिवार पनि बिचल्लीमा परेको र राहत उपलब्ध गराउन आवश्यक देखिएको नगरपालिकाले मौखिक जानकारी गराएकाले त्यसको सबै विवरण बुझेर थप राहत पठाइने प्रजिअ रेग्मीले जानकारी दिनुभयो। त्यस काममा खटिएका कर्मचारीलाई सबै बुझेर विवरण लिन भनेको छु। उहाँले भन्नुभयो, सबै विवरण आएपछि नपुग राहत पठाइनेछ। रेडक्रसबाट लिएको राहत सामग्रीले समेत सबैलाई नपुगेकाले थप सामग्री जिल्लाबाट मगाइएको र अर्को चरणमा वितरण गरिने आठबिसकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले बताउनुभयो। पहिलो चरणमा १८ परिवारलाई वितरण गर्नुपर्ने सामग्रीलाई पहिलो प्राथमिकतामा राखेर काम गरिएको उहाँले बताउनुभयो। थप पीडितका लागि अरू निकायसँगै नगरपालिकाले पनि सकेजति सहयोग गर्ने उहाँको भनाइ छ।

राहत पाएपछि खुसी हुँदै स्थानीय पीडित भरने कामीले जिल्लाबाट टोली यहाँ आएकोमा धन्यवाद दिनुभयो। पहिले यति राहत लिन पनि सदरमुकाम जानुपर्ने बाध्यता थियो। उहाँले भन्नुभयो, थोरै भए पनि आफ्नै ठाउँमा राहत पाइयो, खुसी लागेको छ। यसअघि आठबिसकोट नगरपालिकाले १६ परिवारलाई प्रतिपरिवार पाँच हजार रुपियाँका दरले प्रारम्भिक राहत वितरण गरेको थियो।

# बाढीपहिरोबाट आठबिसकोटमा क्षति बढ्दै



▪ सुरेन्द्र खत्री/रुकुम

रुकुम (पश्चिम), भदौ ३ गते। जिल्लाको आठबिसकोट नगरपालिकाका विभिन्न स्थानमा बाढीपहिरोले अत्यधिक क्षति पुगेको छ।

आठबिसकोट नगरपालिका ९, १०, ११ र १२ स्थित गिजागार खोलामा आएको बाढीले खोला किनारका तीनवटा घरसहित पाँचवटा घट्टसमेत बगाएको छ। सो खोलाको बहाव बढेपछि आठबिसकोट नगरपालिका कार्यालय अगाडिका पर्खाल खोलाले बगाउँदा कार्यालयसमेत जोखिममा परेको छ।

कार्यालय जोखिममा परेपछि छेउतिरको हलमा रहेका महत्त्वपूर्ण कागजात, कम्प्युटर, प्रिन्टरलगायतका उपकरण र फर्निचर सामग्री अर्को भवनमा सारिएको छ। कार्यालयसँगै रहेका तीनवटा घर उच्च जोखिममा रहेको नगरपालिकाले जनाएको छ। कार्यालयदेखि तलपट्टिको तारजालीसमेत बगाइदिएपछि सामान सुरक्षित गर्न अन्यत्र सारिएको नगरपालिकाले जनाएको छ।

खोलाको बहाव कार्यालयतिर आउन नदिन स्काभेटरले छेक्ने कार्यलाई निरन्तरता दिइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले बताउनुभयो। यही खोलाकै छेउमा विद्युत् नगर भत्किएपछि सो क्षेत्रको विद्युत् सेवा समेत अवरुद्ध भएको छ। ठूलो पानी पर्दा खहरे खोला एक्कासि बढ्ने भएकोले नसोचेको क्षति भोग्नुपर्ने बाध्यता भएको स्थानीय लक्ष्मण शाहले बताउनुभयो। सडक निर्माण गर्दा वातावरणलाई ध्यान नदिएर जथाभावी डोजर लगाएपछि गाउँ-गाउँमा पहिरोको मात्रा बढेको उहाँको भनाइ छ।

आइतबार बिहान आठबिसकोट नगरपालिका ११ धुर्सेनीमा गएको पहिरोले दुई घर बगाएको छ। दुईवटा घर बगाएको सूचना पाएपछि आफूहरु घटनास्थल पुगेको प्रमुख प्रशासकीय अधिकृत केसीले जानकारी दिनुभयो। पहिरोका साथै पानीको मुहान फुटेपछि धुर्सेनी गाउँ थप जोखिममा परेको छ। पहिरोले आठबिसकोटका मुख्य सडक नदुवा-राडी र रिम्ना-राडी सडकसमेत अवरुद्ध भएको छ।

यसअघि गत बुधबार आएको पहिरोका कारण आठबिसकोट नगरपालिका ११ का १६ घर परिवार घरबारविहीन भएका छन्। धुर्सेनीसहित गोइरी र मङ्गराका घरबारविहीन ती १६ घरपरिवारलाई नगरपालिकाले पाँच हजारका दरले राहतसमेत वितरण गरेको छ। यसका साथै वडा नम्बर ६, ७, ८, ९, १०, ११ र १२ वडाका मुख्य बस्ती उच्च जोखिममा परेको बताइएको छ। गिँजागाड खोला, वडा नं. ७ र ८ को बीचमा पर्ने खारखारा खोला र ठूलीभेरी नदी छेउछाउमा उच्च जोखिम रहेको नगरपालिकाले जनाएको छ।



गिजागाड खोलामा बाढि नियन्त्रणको प्रयास हूँदै गरिदैं